दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्भनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक १३८ | बुटवल | २०८२ जेठ ०१, गते बिहीबार | नेपाल संवत ११४५ | Thursday May.15, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## रवीन्द्र पक्राउको कारण पेस गर्न आदेश



बुटवल । सर्वोच्च अदालतले राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्रलाई पक्राउ गर्नुको कारण पेस गर्न आदेश दिएको छ ।

न्यायाधीश सुनिलकुमार पोखरेलको इजलासले उनलाई अदालतमा स-शरीर उपस्थित गराउन आदेश दिएको हो ।

मिश्रकी पत्नी सरिका कार्कीले आफ्नो पतिलाई गैरकानुनी रूपमा थुनामा राखिएको भन्दै सर्वोच्च अदालतमा बन्दीप्रत्यक्षीकरणको निवेदन दिएकी थिइन् । गत चैत १५ मा राजावादीहरुले गरेको प्रदर्शन, तोडफोडका घटनालाई लिएर मिश्रलाई प्रहरीले पक्राउ गरेको थियो । थुनामा रहेको डेढ महिनासम्म प्रहरीले आरोप लगाए बमोजिम प्रमाण फेला नपरेको भन्दै मिश्रले थुना बाहिर राखेर अनुसन्धान गर्न आग्रह गर्दै आएका छन् ।

## दूरसञ्चार सेवा प्रदायक संस्थाले बुझाएनन् १३ करोड



बुटवल । सरकारलाई ९ वटा दूरसञ्चार सेवा प्रदायक संस्थाले रोयल्टी र जरिबाना बापत रकम नबुझाएको पाइएको छ ।

बुधबार सार्वजनिक महालेखा परीक्षकको ६२औं वार्षिक प्रतिवेदनले ९ दूरसञ्चार सेवा प्रदायक संस्थाले १३ करोड ७ लाख रुपैयाँ नबुझाएको हुँदा उक्त रकम असुल्न सरकारलाई भनेको छ ।

उक्त प्रतिवेदनमा ७ सेवा प्रदायकले ग्राहकसँग मर्मत तथा विभिन्न शुल्कबापत प्राप्त गरेको आम्दानीको रोयल्टी र जरिबाना गरी १ करोड ४२ लाख ५४ हजार रुपैयाँ छुट भएको देखिएको र त्यो रकम असुल गर्नुपर्ने भनिएको छ ।

दूरसञ्चार नियमावली २०५४ को नियम २६ मा अनुमतिप्राप्त व्यक्तिले कुल वार्षिक आम्दानीको ४ प्रतिशतले हुने रकम प्रत्येक वर्ष रोयल्टीका रूपमा बुझाउनुपर्ने व्यवस्था छ ।

यस्तै आर्थिक वर्ष २०८०/८१ मा एक सेवा प्रदायकले बुझाउनुपर्ने फ्रिक्वेन्सी तथा भिस्याट दस्तुर बापत २४ करोड ३४ लाख दाखिला गर्न बाँकी देखिएकाले उक्त रकम पनि असुल गर्नुपर्ने प्रतिवेदनमा उल्लेख छ ।

दूरसञ्चार नियमावली २०५४ को नियम ३१ बमोजिम रेडियो फ्रिक्वेन्सी दस्तुर प्रत्येक वर्ष समाप्त भएको ६ महिनाभित्र भुक्तानी गर्नुपर्ने, न्यूनतम फ्रिक्वेसी बाहेक थप फ्रिक्वेन्सी, अधिकतम फ्रिक्वेन्सी र भिस्याटको दस्तुर प्रत्येक आर्थिक वर्षका लागि उक्त आर्थिक वर्ष सुरु भएको ३ महिनाभित्र ग्रिम भुक्तानी गर्नुपर्ने र नगरे बाँकी दस्तुरमा थप दस्तुर समेत लाग्ने व्यवस्था छ ।

दूरसञ्चार नियमावली २०५४ को नियम (१२) मा अनुमतिपत्र नवीकरण गर्दा कबुल गरेको नवीकरण दस्तुर बुझाइ दूरसञ्चार प्राधिकरण समक्ष निवेदन दिनुपर्ने व्यवस्था छ ।

समयभित्र नवीकरण नगरे थप दस्तुरसमेत लिई अनुमतिपत्र नवीकरण गर्न सक्ने व्यवस्था छ ।

दूरसञ्चार सेवा सञ्चालन गर्ने एक कम्पनीको दोस्रो पटकको नवीकरणको म्याद २५ बैशाख २०७६ मा सम्पन्न हुने र उक्त अवधिको ३ महिना अगावै २५ माघ २०७५ सम्म नवीकरण दस्तुर बापत २० अर्ब भुक्तानी गरी नवीकरणका लागि निवेदन दिनुपर्नेमा २० अर्बमध्ये १८ करोड ९० लाख समयमै बुझाएको र बाँकी १९ अर्ब ८१ करोड १० लाख २५ बैशाख २०८१ मा मात्र दाखिला गरी समयमा दाखिला नगरेकाले १५ प्रतिशतले हुने थप दस्तुर २ अर्ब ९७ करोड १६ लाख ५० हजार रहेको छ ।

त्यस्तै एक निजी क्षेत्रको कम्पनीले १६ भदौ २०६१ मा १० वर्षका लागि अनुमतिपत्र प्राप्त गरेकोमा तेस्रो पटक ५ वर्षका लागि नवीकरण गर्न १५ जेठ २०८१ सम्म २० अर्ब बुझाउनुपर्नेमा ६ अर्ब ४० करोडमात्र बुझाएको देखिएकाले बाँकी १३ अर्ब ६० करोडको १५ प्रतिशतले हुने थप दस्तुर २ अर्ब ४ करोड समेत उल्लिखित २ कम्पनीबाट ५ अर्ब १ करोड १६ लाख ५० हजार असुल गर्नुपर्ने महालेखाको सुझाव छ ।

# सरकारी बेरूजु ७ खर्ब ३३ अर्ब नाघ्यो

### ९४ खर्ब ६२ अर्ब ३६ करोडको लेखापरीक्षण गरिएकामा एक वर्षमै ९१ अर्ब ५९ करोड थप हालसम्मको अद्यावधि बेरुजु ७ खर्ब ३३ अर्ब १९ करोड देखिएको छ ।

**लुम्बिनी संवाददाता**
*बुटवल*



महालेखा परीक्षक कार्यालयले आफ्नो वार्षिक प्रतिवेदन राष्ट्रपति रामचन्द्र पौडेल समक्ष पेस गरेको छ । महालेखा परीक्षक तोयम रायाले आर्थिक वर्ष २०८०/०८१ को बेरुजुको अवस्था प्रस्तुत गर्दै यो वर्ष लेखापरीक्षणबाट कुल बेरुजु ९१ अर्ब ५९ करोड ८८ लाख कायम भएको बताए । सोमध्ये सङ्घीय सरकारका कार्यालयमध्ये ४७ अर्ब ७४ करोड ३० लाख, प्रदेश सरकारी कार्यालयको ४ अर्ब २० करोड, स्थानीय तहको २५ अर्ब ३२ करोड ४२ लाख, समिति र अन्य संस्थाको १४ अर्ब ३३ करोड ७ लाख बेरुजु रहेको छ ।

रायाले बुधबार शितलनिवासमा वार्षिक प्रतिवेदन बुझाएका हुन् । रायाले अन्तर्राष्ट्रिय असल अभ्यासको समेत ख्याल गरी लेखापरीक्षण गरिएको बताए । ५ हजार ७ सय ५९ वटा निकाय कार्यालयहरूको लेखापरीक्षण गरिएको छ । त्यसमध्ये ३ हजार ७ सय २ कार्यालयको विस्तृत लेखापरीक्षण गरिएको थियो ।

यस अवधिमा कार्यालयको जनशक्ति र कानून बमोजिम लेखापरीक्षक नियुक्त गरी ४३ वटा पूर्ण सरकारी स्वामित्व भएको, ४५ आर्थिक वर्षको लेखापरीक्षण सम्पन्न भएको रायाले जानकारी दिए ।

नेपालको संविधान र लेखापरीक्षणको अधिकारभित्र रहेर ४२ वटा सङ्गठित संस्थाहरूको ४७ आर्थिक वर्षको लेखापरीक्षण सम्पन्न गरिएको उनले बताए । उनले यो वर्ष ११ विषयमा कार्यमूलक, १ विषयमा सूचना प्रविधि, १ विषय वातावरणीय, २ विषयको लेखापरीक्षण सम्पन्न गरिएको जनाए ।

रायाले प्रदेशको काम कारबाहीका सम्बन्धमा अलगअलग प्रतिवेदन तयार गरिएको र यस्ता प्रतिवेदनहरू प्रदेश प्रमुखहरूलाई पेस गरिएको जानकारी दिए ।

उनले भने-'लेखा परीक्षण सम्पन्न भएपछि सम्बन्धित स्थानीय तहलाई प्रतिवेदन जारी गर्ने चरणमा छ । वार्षिक प्रतिवेदनमा लेखा परीक्षण गरिएका निकायको विवरण, बेरुजुको स्थिति, लेखापरीक्षण गर्दा देखिएको विवरणको सारांश, लेखा परीक्षण प्रतिवेदन कार्यान्वयनको स्थिति, भविष्यमा गर्नुपर्ने सुधार र कार्यालयका गतिविधिलाई अलगअलग परिच्छेदमा राखिएको छ । सार्वजनिक निकायमा भएका काम कारबाहीका बारेमा सरोकारवालालाई सुसूचीत गराउन वार्षिक प्रतिवेदनको सारांश तयार गर्नुका साथै सार्वजनिक गरिनेछ ।'

यो वर्ष ५ हजार ७५९ कार्यालयको लेखापरीक्षण गर्दा ९४ खर्ब ६२ अर्ब ३६ करोडको लेखापरीक्षण गरिएको छ । यसमध्ये सङ्घीय मन्त्रालय तथा निकायतर्फ ३ हजार ९३ कार्यालयहरूको ३१ खर्ब ६ अर्ब १६ करोड, प्रदेश तथा निकायतर्फ १ हजार १ सय ६५ कार्यालयको ३ खर्ब ८ अर्ब ५६ करोड, स्थानीय तहतर्फ ७ सय ६१ को ११ खर्ब १८ अर्ब ४० करोड, समिति र अन्य संस्थातर्फ प्रदेशका समेत १ सय २५ गरी ६ सय ९५ संस्थाको ५ खर्ब २२ अर्ब १३ करोड, सङ्गठित संस्थातर्फ ४३ संस्थाको ४४ खर्ब ७ अर्ब ४ करोड रहेको छ ।

उनले संविधानको धारा २९४ को उपधारा ३ बमोजिम प्रदेशको काम कारबाहीका सम्बन्धमा अलगअलग प्रतिवेदन तयार गरिएको बताए ।

महालेखा परीक्षकको ६२औं प्रतिवेदनमा अद्यावधि बेरुजुतर्फ सङ्घीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तहतर्फ लेखापरीक्षणबाट औंल्याइएको अद्यावधि बेरुजु ७ खर्ब ३३ अर्ब १९ करोड देखिएको छ ।

यसमध्ये सङ्घीय सरकारी कार्यालयहरूको ३ खर्ब ७५ अर्ब ४७ करोड, स्थानीय २ खर्ब ९ अर्ब २९ करोड, समिति र अन्य संस्थाहरुको १ खर्ब १७ अर्ब ९७ करोड रहेको छ । सङ्घीय तथा प्रदेश सरकारी कार्यालय, स्थानीय तह, समिति र अन्य संस्थाहरूको बेरुजु अतिरिक्त कारबाही टुङ्गो लगाउनुपर्ने रकम अर्थात लेखापरीक्षण बक्यौता, राजस्व बक्यौता, लिनुपर्ने वैदेशिक अनुदान तथा ऋण समयमै टुङ्गो लगाउनुपर्ने अद्यावधिक रकम ५ खर्ब ५१ अर्ब १ करोड देखिएको छ । बेरुजु सम्परीक्षण यो वर्ष २८ अर्ब २९ करोड ४० लाख परीक्षण गरिएको छ । यो वर्षको लेखापरीक्षणबाट कुल १४ अर्ब ६८ करोड ४१ लाख असुल भएको जनाइएको छ ।

**धेरै बेरूजु मधेशमा**

७ प्रदेशमध्ये सबैभन्दा धेरै बेरुजु मधेशमा देखिएको छ । महालेखा परीक्षकको कार्यालयले सार्वजनिक गरेको ६२औं वार्षिक प्रतिवेदनमा मधेश प्रदेशमा कुल बेरुजु २.०७ प्रतिशत देखिएको हो भने सबैभन्दा कम बागमतीमा १.०३ प्रतिशत देखिएको छ ।

» ***बाँकी ३ पेजमा***

## 'बेरूजू बढ्दै जानु सुशासनका लागि चुनौतीपूर्ण'

राष्ट्रपति रामचन्द्र पौडेलले आर्थिक अनुशासन कायम गर्न र वित्तीय उत्तरदायित्व अभिवृद्धि गर्न सार्वजनिक निकायका पदाधिकारीहरू अझ बढी जिम्मेवार र जबाफदेही बन्नु आवश्यक रहेको बताएका छन् ।

महालेखा परीक्षकको प्रतिवेदन बझेपछि उनले सरकारी कारोबारमा हरेक वर्ष बेरुजू बढ्दै जानु सुशासनका लागि चुनौतीपूर्ण अवस्था भएको बताए । 'सुशासन कायम गराउन सरकारी कोष सञ्चालन गर्ने सम्बद्ध सबै पदाधिकारीहरूलाई थप जिम्मेवार र जबाफदेही बनाउने सन्दर्भमा महालेखा परीक्षकको भूमिका महत्वपूर्ण हुनेछ ।'- राष्ट्रपति पौडेलले भने ।

विगत लामो समयदेखि सरकारी खर्चमा बढ्दै गएको बेरुजु गम्भीर चासो र सरोकारको विषय बनेको उनको भनाइ थियो । "वर्तमान परिस्थितिमा सरकारी खर्च गर्दा प्रचलित कानुनको परिपालना एवं आर्थिक अनुशासनलाई अझ बढी ध्यान दिनु पर्ने आवश्यकता छ ।"-राष्ट्रपति पौडेलले भने । उनले आर्थिक अनुशासन र वित्तीय उत्तरदायित्व कायम गराउन महालेखा परीक्षकले आगामी दिनमा थप सशक्त भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरे ।

उनले महालेखा परीक्षकबाट सरकारी वा सार्वजनिक स्रोत, साधन तथा सम्पत्तिको सदुपयोग भए नभएको, अनियमितता वा हानी नोक्सानी भए नभएकोसमेतको विषय परीक्षण हुँदै आएको सन्दर्भमा यस प्रतिवेदनमा औंल्याइएका विषयहरूले सम्बन्धित निकायलाई आर्थिक अनुशासन तथा वित्तीय उत्तरदायित्वप्रति थप सजग गराउने विश्वास व्यक्त गरे ।

## 'तीनै तहका जनप्रतिनिधि घटाऔं, प्रत्यक्ष निर्वाचित कार्यकारीमा जाऔं '





बुटवल । नेकपा (माओवादी केन्द्र) का वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठले शासकीय स्वरुप र निर्वाचन प्रणाली परिवर्तन गरी तीनै तहका जनप्रतिनिधिको संख्या घटाउनुपर्ने बताएका छन् ।

राष्ट्रियसभाको बुधबारको बैठकमा बोल्दै उनले प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख र सांसदहरुलाई मन्त्री नबनाउने प्रणालीमा जानुपर्नेमा जोड दिए ।

'हामी शासकीय स्वरुपको परिवर्तनमा जाऔं,' श्रेष्ठले भने-'राजनीतिक अस्थिरता अन्त गर्नका लागि प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखका जाऔं । यो महँगो र भ्रष्टिकृत निर्वाचन प्रणालीलाई फेरौं । समानुपातिक निर्वाचन प्रणालीमा जाऔं ।'

उनले थपे-'सांसदहरुलाई कानुन बनाउने काममा केन्द्रित गरौं । सरकारमा मन्त्रीहरु बाहिरबाट जाऔं र नयाँ परिवर्तन गरौं । सुशासनको क्षेत्रमा ठोस प्रभावकारी कायक्रम अगाडि बढाऔं ।'

यस्तै नेपाली कांग्रेसका नेता जितजंग बस्नेतले स्थानीय तहदेखि केन्द्रसम्म पुनर्संरचना आवश्यक रहेको बताएका छन् ।

वडा तहमा तीन सदस्य, प्रदेशमा पाँच मन्त्री र केन्द्रमा प्रतिनिधि सभामा प्रत्यक्ष निर्वाचित सांसदमात्र रहने गरी पुनर्संरचना गर्नुपर्ने उनको प्रस्ताव छ ।

राष्ट्रियसभाको बैठकमा बोल्दै बस्नेतले भने-'सबै तहका संरचनाहरु, स्थानीय निकायदेखि संघीय संरचना पनि घटाउनुपर्छ । हाम्रो वडा तहमा पनि पाँच जना वडा सदस्य काम छैन, तीन जना भए पुग्छ । दलित, महिला र एक जना, तीन जना भए पुग्छ ।'

उनले थपे-'प्रदेशमा पनि संरचना घटाउनुपर्‍यो, पाँच जना मन्त्री भए पुग्छ । संघीय संसदमा पनि । डाइरेक्ट जो पार्लियामेन्ट मेम्बर छन्, प्रतिनिधिसभामा बस्छन् । जो समानुपातिक वाला छ, राष्ट्रिय सभामा बस्नुपर्‍यो । त्यसको पनि संरचना घटाउनुपर्‍यो ।'

उनले सांसदहरुको भत्ता समेत घटाउनुपर्ने धारणा राखे । बस्नेतले भने-'सांसदहरुको पनि तलदेखि माथिसम्म भत्ता घटाउनुपर्‍यो, नभए भत्ता पनि खारेज गर्नुपर्‍यो ।'

नेपाली कांग्रेसले समावेशी लोकतान्त्रिक गणतन्त्रात्मक संविधानमा विश्वास गर्ने बताउँदै उनले त्यसको संरचना भने घटाउनुपर्ने बताए । उनले भने-'हाम्रो विश्वास भनेको यो मल्टिपार्टी डेमोक्रेसी हो । यसमा संरचना कति घटाउन सकिन्छ, घटाएर अगाडि बढौं भन्ने मलाई लाग्छ ।'

उनले बजेटका प्रमुख प्राथमिकता र सिद्धान्तलाई २६ भागमा विभाजन गरी प्रस्तुत गरेका थिए ।



## सम्पादकीय

# ओभरलोड बोक्न रोक

चार महिनाकै अन्तरालमा पूर्व-पश्चिम राजमार्गअन्तर्गतको नारायणगढ-बुटवल सडकखण्डमा दुई वटा पुलमा ओभरलोड ट्रकका कारण पुलमा क्षति भएको छ। दुबै पुलमा आवत जावत गर्न मिलेको छैन। सोमबार राति चोरमारामा भारी तौलका कारण पुल क्षतिग्रस्त बनेपछि सडक विभागका अधिकारीहरूले त्यसको दोष सवारीको भार मापन गर्दै अनुमति दिने निकायलाई लगाएका छन्। विभागको पुल महाशाखाका अधिकारीले सडकमा भार नियमन गर्ने काममा कमजोरी हुँदा राज्यलाई ठूलो आर्थिक भार र यात्रुले सास्ती बेहोर्नुपर्ने अवस्था आइपरेको बताउँछन्।

सडक विभाग भार नियमन गर्ने निकाय होइन, त्यही भएर 'धर्मकाँटा' राखिएको हुन्छ, अनुगमन गर्ने व्यवस्था हुन्छ। तर जिम्मेवार निकायले कतै जाँच नै नगर्ने र कतै जति भार ल्याउन पनि छुट दिने गर्दा बारम्बार यस्तो अवस्था आइपरेको छ। ढुवानीकर्ता स्वयं समेत थोरै पैसा बचाउने नाममा धेरैलाई सास्ती हुने यस्तो कदम चाल्नबाट सचेत भएको पाइदैन। मुख्य राजमार्गमा प्रीमनसुनमै समस्या देखिएपछि बर्खायाममा आवतजावतलाई लिएर चिन्ता गर्न थालिएको छ। पूर्वपश्चिम जोडिने मुख्य सडकको उक्त खण्डमा हाल डाइभर्शन गरेर यातायात सञ्चालन गरिएता पनि आकासे पानी पर्नासाथ त्यो जुनसुकै बेला अवरुद्ध हुन सक्ने जोखिम छ।

नवलपरासी (बर्दघाट सुस्ता पूर्व)को चोरमारामा रहेको झण्डै ५० वर्ष पुराना ती पुलको आयु पूरा भइसकेको भन्दै त्यहीँ छेवैबाट अर्को पुलको निर्माण काम चलिरहेको छ। उक्त राजमार्गका धेरैजसो पुलले आफ्नो आयु ५० वर्ष पूरा गरिसकेको र त्यसबिचमा समेत नियमित मर्मतसम्भार नभएको हुँदा ती सबैको ताजा मूल्याङ्कन अपरिहार्य भइसकेको छ। ठूला भारयुक्त ढुवानी गर्दा राजमार्गमा गर्नुपर्ने योजनाको परिपालना राम्रोसँग हुने गरेको छैन। भारवहन नियमनसम्बन्धी निर्देशिका २०७४ ले प्रत्येक मालवाहक सवारीसाधन सञ्चालकले उक्त सवारीसाधनले बोकेको कुल तौलको 'लोडशीट' खुल्ने गरी सवारीसाधन सञ्चालन गर्नुपर्ने व्यवस्था गरेको छ। त्यस्तो प्रमाणका आधारमा यातायात व्यवस्था विभाग वा अन्य सरकारी निकायले सवारीसाधनको अनुगमन गर्न सक्छ।

नेपालमा यातायातको नियमनमा गृह मन्त्रालय, सुरक्षा निकाय, भौतिक योजना तथा यातायात मन्त्रालयसहितका निकायहरू संलग्न छन्। केही वर्षअघि सडक विभागले गरेको एक मूल्याङ्कनमा पूर्वपश्चिम राजमार्गका ५० प्रतिशत पुलहरू पुनर्निर्माण हुनुपर्ने र तीसहित ८० प्रतिशतमा मर्मतसम्भार आवश्यक रहेको पाइएको थियो। कङ्क्रिट, फलाम, स्टील सबै कमजोर हुने, खिइँदै जाने  र सुरुवाती अवस्थामा जसरी भार उठाउन सक्ने अवस्था नरहनेतर्फ सरोकारवाला निकायको ध्यान नजाँदा राज्यको ठूलो लगानी भएका पुल र सडकमा निरन्तर क्षति पुगेको छ। क्षतिग्रस्त पुलछेवैमा नयाँ पुल बनिरहे पनि त्यो बर्खाअगावै सकिनेमा आशंका छ। चोरमारामा नयाँ पुलको काम बर्खाअघि सम्पन्न हुन नसक्ने ठेकेदार पक्षले बताएका छन्। कानुनी व्यवस्थाअनुसार भारवहन अनुगमन तथा नियन्त्रणका लागि सम्बद्ध निकायहरूले व्यक्ति, फर्म वा कम्पनीहरूले स्थापना गरेका तौलपुलको प्रयोग गर्न सक्ने उल्लेख गरिएको छ। भारवहन नियमनसम्बन्धी निर्देशिका २०७४ अनुसार मालवाहक सवारी साधनको अगाडिको 'एक्सल'को अधिकतम 'एक्सल लोड' ६ मेट्रिक टनभन्दा बढी हुनुहुँदैन। उक्त नियमले पछिल्लो समय प्रतिएक्सल (चार पांग्रा) १०.२ मेट्रिक टन वजन, पाँच एक्सल (१८ पांग्रा) भएका सवारीसाधनको भारवहन क्षमता ४०.२ मेट्रिक टन रहने उल्लेख गरिएको छ।

उक्त मापदण्ड अनुसार अधिकतम कुल वजन ५९.२ टन हुन आउँछ। तर भारतीय ट्रले यसको दोब्बर बढी लोड बोकेर गुड्ने भएकाले नेपालका पुल र सडकमा षति हुने गरेकाले नेपालका पूर्वाधार आयू अगाडि नै बिग्रन, भत्किनबाट बचाउन ओभरलोड नियन्त्रणमा सम्बन्धित सरकारी निकायले कडाइ गर्नुपर्दछ। अन्यथा मुलुकको सम्पत्ति निरन्तर क्षति हुनेछ।

## महालेखाको प्रतिवेदनको बेवास्ता:

# भ्रष्टाचारको संस्थागत बीजारोपण



सागर पण्डित

नेपालमा सुशासनको सपना बारम्बार उधिनिने तर कहिल्यै साकार नहुने एउटा प्रमुख समस्याको रुपमा रहँदै आएको छ।

यसका विभिन्न कारणमध्ये एक कारण हो- संविधानले सुनिश्चित गरेका निरीक्षण संयन्त्रहरूको उपेक्षा र शासक-प्रशासकहरुको अलोकतान्त्रिक व्यवहार तथा भ्रष्टाचारमा लिप्त कार्यशैली। महत्वपूर्ण संवैधानिक निकायको रुपमा रहेको महालेखा परीक्षकको कार्यालयले लामा मिहिनेत र मिहिन किसिमले लेखापरीक्षण गरी औंल्याइएका बेरुजुहरु घट्नुको साटो वर्षेनी बढ्ने रोगले मुलुक आक्रान्त छ।

महालेखाको प्रतिवेदनमा औंल्याइएका वास्तविकता र सुझावलाई सरकारी निकायले कार्यान्वयन गर्न नसक्नु उनीहरुको अक्षमता त हुँदै हो, यसले भ्रष्टाचारको संस्थागत बीजारोपणसमेत गरेको छ। यसको दोष सरकारी निकायमा रहेका शासक-प्रशासकहरुले लिनुपर्छ। सरकारी निकायले गरेको खर्चलाई सबैभन्दा तथ्यमा आधारित र सबैभन्दा नियमित रिपोर्टिङ गर्ने संस्था हो- महालेखा परीक्षकको कार्यालय।

उसले हरेक वर्ष सरकारी कार्यालयले गरेको आम्दानी र खर्चको लेखापरीक्षण गर्नुको साथै सार्वजनिक वित्तको गम्भीर दुरुपयोग, अकुत बेरुजु, कार्यसम्पादनमा कमजोरी, सार्वजनिक स्रोतको हिनामिना र सरकारी उदासीनता देखाउँदै राष्ट्रपतिसमक्ष प्रतिवेदन बुझाउने गर्छ तर दुःखद कुरा के छ भने, यस्ता प्रतिवेदनहरू केवल औपचारिकता सीमित बनिरहेका छन्। सरकारले कार्यान्वयनमा ध्यान नदिनु खेदजनक छ। राष्ट्रपतिलाई प्रतिवेदन बुझाइनु भनेको राजनीतिक र प्रशासनिक सुधारको एजेन्डा अगाडि सार्दै राष्ट्रप्रमुखको रुपमा रहनुभएका राष्ट्रपतिले समेत मुलुकको सुशासन र आर्थिक मितव्ययितामा गम्भीर रहेर सरकारलाई सही बाटोमा हिँडाउन सशक्त पहलकदमी लिनुस् भन्ने नै हो। तर यो प्रक्रियालाई आजसम्म केवल 'संवैधानिक कर्मकाण्ड' बनाइयो।

राष्ट्रपति कार्यालयले जिम्मेवारीपूर्वक प्रतिवेदनको गहिरो अध्ययन गर्नुपर्नेमा, त्यसलाई पढ्ने र सरकारलाई कार्यान्वयन गराउन निर्देशन दिने जिम्मेवारीमाथि औपचारिकताको पर्दा ओढिँदै आएको छ। प्रतिवेदन बुझाइएपछि महिनौँसम्म त्यसबारे कुनै प्रतिक्रिया हुँदैन। न सरकार गम्भीर देखिन्छ, न संसद्, न प्रशासन, न त राष्ट्रपति कार्यालय नै। महालेखाको प्रतिवेदन भने बर्सेनि चिच्याइरहेछ- 'देशमा वित्तीय अनुशासन छैन, कुशासन हाबी छ, भ्रष्टाचार संस्थागत हुँदैछ।' यस्ता तथ्यले भरिएको दस्तावेजलाई राज्य संयन्त्रले बेवास्ता गर्दा त्यसले जनविश्वासमाथि चोट पुर्‍याउँछ। जनताले तिरेको करको पैसा अनुत्पादक काममा सकिन्छ, बजेटको कार्यान्वयन ढिलासुस्ती र दोहोरो खर्चमा सीमित रहन्छ, विकास आयोजनाहरू अलपत्र पर्छन् र जनसेवा नामको चिज केवल कागजमा सीमित हुन्छ।

महालेखाको पछिल्लो प्रतिवेदनमा उल्लेख छ- सार्वजनिक संस्थाहरूमा करोडौंको बेरुजु, योजना कार्यान्वयनमा असावधानी, एकै कामका लागि दोहोरो बजेट, सन्दिग्ध खर्च, अनावश्यक राजस्व छुट, राजस्व संकलनमा उदासीनता, बक्यौता उठाउन बेवास्ता, ऋण परिचालननमा लापरबाही, कानुनको सीमा बाहिर गएर रकमान्तर, वर्षान्तमा भुक्तानीको गलत अभ्यास, पारदर्शिता अभावजस्ता गम्भीर खामियाँ छन्। उसले गम्भीर सुझाव दिएको छ- आन्तरिक लेखापरीक्षण बलियो पार, कार्यसम्पादनको मापन स्पष्ट गर, स्रोतको मितव्ययी प्रयोग गर, सूचना प्रविधिको समुचित प्रयोग गर, शासकीय प्रबन्ध बलियो बनाऊ, अर्थतन्त्रलाई दिगो र आत्मनिर्भर बनाऊ, विकास प्रशासन र सार्वजनिक प्रशासनलाई प्रभावकारी बनाऊ, सुशासन कायम राख र नागरिक सेवा प्रभावकारी बनाऊ।

तर यी सुझाव कार्यान्वयन हुने सम्भावना न त विगतमा थियो, न अहिले देखिन्छ। मन्त्रीहरू यस्ता प्रतिवेदनबारे बोल्न चाहँदैनन्, सचिवहरूले चासो दिँदैनन् र संसद्ले कहिल्यै प्राथमिकता दिन्न। सार्वजनिक लेखा समितिसमेत निष्क्रिय देखिन्छ र प्रतिवेदन सार्वजनिक भए पनि त्यसको विस्तृत संसदीय छलफल हुँदैन।

यसरी महालेखाले औँल्याएका आर्थिक अनुशासनका विषयहरु हरेक वर्ष थपिँदै जान्छन् तर सरकारी निकाय मौनता साँधेर बसिरहन्छ, जसका कारण कुशासन र भ्रष्टाचार बढेको बढ्यै छ। राज्यको यस्तो बेवास्ताको मूल्य भने निर्दोष जनताले तिर्नुपरिरहेको छ। विद्यालयको पाठ्यपुस्तक ढिलै आउँछ, अस्पतालमा औषधि पुग्दैन, सडकको ग्यारेन्टी समयभन्दा पहिला भत्किन्छ, कृषि बिमा फाइलमै सीमित हुन्छ, किसानले मल-बीउ समयमा पाउँदैनन्, विकट गाउँबस्तीमा खाद्य संकट छाउँछ।

स्थानीय तहमा रकमको हिनामिना थाहा नपाएर अनुगमन शून्य हुन्छ। यी सबै समस्याको जड हो- वित्तीय अनुशासनको गम्भीर अभाव र महालेखाको प्रतिवेदनप्रति जिम्मेवार निकायको लापरबाही। अब प्रश्न उठ्छ, के महालेखाको प्रतिवेदन केवल कागजी औपचारिकता हो ? त्यसलाई कार्यान्वयन नगर्ने हो भने, हरेक वर्ष अर्बौं खर्च गरेर किन यस्तो प्रतिवेदन तयार पार्ने ? किन संविधानमा यस्तो निकायको व्यवस्था गरिएको ? यदि सुधारकै लागि गरिएको हो भने सुधारको शुरुवात यसको कार्यान्वयनबाट हुनुपर्दैन ? महालेखाले सधैँजसो लक्ष्यअनुसार राजस्व संकलन हुने गरी कार्यसम्पादन गर्न सरकारलाई निर्देश गर्दै आइरहेको छ। तर सो अनुसार सरकारी कर्मचारी गम्भीर भएर कार्यालयको काममा खटेको देखिँदैन।

महालेखाले सरकारलाई जथाभावी राजस्व छुट नदिन निर्देशनसमेत दिने गरेको छ। यसै गरी महालेखाले शासकीय प्रबन्धअन्तर्गत कानुन तर्जुमा र कार्यान्वयनमा विशेष ध्यान दिनुपर्ने, संघीयताको प्रभावकारी कार्यान्वयन गर्नुपर्नेलगायतका सुझाव हरेक वर्ष दिने गरेको छ। यसै गरी दिगो एवं आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्न अर्थतन्त्रका नवीन क्षेत्रहरुको पहिचान गरी सोमा लगानी वृद्धि गर्नुपर्ने विषय पनि महालेखाले औंल्याउँदै आएको छ। राजस्व परिचालनलाई प्रभावकारी बनाउन तथा राजस्व चुहावटलाई पूर्णरुपमा नियन्त्रण गर्नसमेत महालेखाले बारम्बार गम्भीर ध्यानाकृष्ट गराउँदै आएको छ। यसैगरी सार्वजनिक वित्त व्यवस्थापन, सार्वजनिक ऋण व्यवस्थापन, आन्तरिक नियन्त्रण र लेखापरीक्षण, सार्वजनिक सम्पत्तिको व्यवस्थापन, विकास व्यवस्थापन, सूचना प्रविधिको प्रयोग, सुरक्षा र व्यवस्थापन, भ्रष्टाचार नियन्त्रण र सुशासन, जवाफदेहिता र निष्ठा प्रवर्धन गर्नुपर्नेलगायतका सुझावहरु पनि महालेखाले बर्सेनि दिने गरेको छ। तर महालेखाको सुझाव सरकारी निकायलाई भालुलाई पुराण सुनाएजस्तो हुने गरेको छ। सरकारी निकायहरूमार्फत हुने सार्वजनिक खर्चमा पारदर्शिता र जवाफदेहिता कायम गरिनु प्रत्येक उत्तरदायी अधिकारीको प्रमुख कर्तव्य हो।

तर पछिल्ला वर्षहरूमा सरकारी निकायहरूले देखाएको लापरबाही, उदासीनता र गैरजिम्मेवारीका कारण बेरुजुको आकार भयावह ढंगले बढ्दै गएको छ। महालेखा परीक्षकको वार्षिक प्रतिवेदनले देखाउने तथ्यांकहरूमा राज्यको ढुकुटीबाट निकासा गरिएका करोडौं रुपियाँ खर्चको हिसाब सार्वजनिक निकायहरूले बुझाउन नसकेको तथ्य बारम्बार उजागर हुँदै आएको छ। महालेखा परीक्षकको ६१औं वार्षिक प्रतिवेदनअनुसार हालसम्म फर्स्यौट गर्न बाँकी बेरुजु रकम ६ खर्ब ६९ अर्ब पुग्नु र जम्मा बेरुजु ११ खर्ब ८३ अर्ब नाघ्नु अत्यन्तै गम्भीर वित्तीय अनुशासनहीनताको पराकाष्ठा हो। अर्कोतर्फ बर्सेनि करिब १ खर्ब बेरुजु थपिने गरेको दुःखदायी अवस्था छ।

यसले राज्यको सार्वजनिक खर्चमा गम्भीर अपारदर्शिता र जवाफदेहिताको अभाव छ भन्ने कुरा स्पष्ट हुन्छ। सरकारी कार्यालयहरू, आयोजना कार्यान्वयन इकाइहरू, स्थानीय तहहरूले खर्च गरेका रकमहरूको प्रयोग, बिल-भर्पाइ, वित्तीय विवरण आदि समयमा स्पष्ट नगर्दा बेरुजु चुलिँदै गएको देखिन्छ। सार्वजनिक निकायहरूमा खर्चको अनुगमन गर्ने आन्तरिक लेखा प्रणाली कमजोर रहँदा लेखा परीक्षणको डर नभएपछि खर्च पारदर्शी नहुने प्रवृत्ति मौलाइरहेको छ। अर्कोतर्फ फर्स्यौटका लागि आवश्यक कागजात संकलन नगर्ने, जिम्मेवारी बहन नगर्ने, अनियमिततामा संलग्न हुने कर्मचारीहरूको कारण बेरुजु फर्स्यौट नहुने क्रम बढेको देखिन्छ।

बेरुजु फर्स्यौट नगर्ने निकाय, व्यक्ति वा तहहरूलाई राजनीतिक संरक्षण मिल्दा उनीहरू अनुशासित हुन तयार हुँदैनन्, जसका कारण दण्डहीनता मौलाउने र बेरुजु बढ्ने अवस्था देखिँदै आएको छ। अब यस्तो प्रवृत्तिलाई सामान्य लापरबाही ठान्ने दिन समाप्त हुनुपर्छ। बेरुजु फर्स्यौट नगर्ने मन्त्रालय, विभाग, कार्यालय वा योजना कार्यान्वयन एकाईको नाम मात्र होइन, ती निकायका प्रमुख, जिम्मेवार लेखा अधिकारीदेखि लिएर लेखा उत्तरदायी अधिकारीको रुपमा रहेका तालुक निकायका मुख्य निर्णयकर्ता सचिवहरुको नामसमेत महालेखा परीक्षकको प्रतिवेदनमा स्पष्टरूपमा उल्लेख गरी सार्वजनिक गरिदिनुपर्छ। यसबाट उनीहरूलाई सार्वजनिक जिम्मेवारी र नैतिक दबाबको महसुस हुन सकोस्।

पटक-पटक बेरुजु झिकाउने तर फर्स्यौटका लागि कुनै गम्भीर प्रयास नगर्ने सचिवहरूलाई अब 'कार्यक्षमतायुक्त प्रशासक' नभई 'जगेडामा राखिनुपर्ने पात्र' का रूपमा लिनुपर्ने बेला आएको छ। सरकारको मुख्य प्रशासनिक संयन्त्र- मुख्य सचिव, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले बेरुजु घटाउने अभियानलाई प्राथमिकताको सूचीमा राख्नुपर्छ। संसद् र सम्बन्धित संसदीय समितिहरुले पनि यसमा विशेष ध्यान दिनुपर्ने बेला आइसकेको छ। वास्तवमा बेरुजु बढ्नमा सचिव स्तरका पदाधिकारीहरूले आफ्नो मातहतका आर्थिक कार्ययोजनाको पूर्ण अनुगमन नगरेको अवस्था प्रमुख कारण हो। त्यसैले सचिवहरु नै मुख्यरुपमा सच्चिएर अघि बढ्नुको विकल्प छैन।

मन्त्रीहरूले समेत अब आफ्ना मन्त्रालयमा सचिवलाई निर्देशन मात्र होइन, जिम्मेवारी सुनिश्चित गर्न सकसपूर्ण प्रतिवेदन माग गर्ने अभ्यास शुरु गर्नुपर्छ। सचिवीय कचकच वा शक्तिको खिचातानीको अन्त्य गरेर परिणाममुखी निगरानी प्रणालीको शुरुवात गर्नुपर्छ। बेरुजु फर्स्यौट नगर्ने, आर्थिक जवाफदेही नदेखाउने वा सरकारी रकमको प्रयोगमा लापरबाही गर्नेहरूलाई सार्वजनिक सेवा ऐनअन्तर्गत कारबाही गर्ने व्यवस्था अब स्पष्टरूपमा स्थापित गर्नुपर्छ। राजस्वको सुरक्षाभन्दा माथि कसैको पद, पहुँच वा सत्ता हुन सक्दैन। कसैले राजस्वलाई कम महत्व दिएर भ्रष्टाचार गर्न खोज्छ भने त्यस्ता व्यक्तिहरुको पहिचान गरी दण्ड दिनुपर्छ।

त्यस्ता व्यक्ति तथा समूह राष्ट्रिय अपराधी हुन्। उनीहरुलाई समाजले समेत बहिष्कृत गर्न सक्नुपर्छ। अब साँच्चै नै राज्यकोषको रकम दुरुपयोग हुन रोकी बेरुजु शून्यमा नै झार्ने महाअभियान थाल्न ढिलाइ गर्नुहुँदैन। यसैका लागि अब आवश्यक छ- कानुनीरूपमा महालेखा परीक्षकलाई बेरुजु अत्यधिक बढाउने, घटाउन कुनै ध्यान नदिने र लापारबाही गर्ने अधिकारीहरुको नामसहित प्रतिवेदन सार्वजनिक गर्ने अधिकार दिनुपर्छ। बेरुजु फर्स्यौट नगर्ने सचिवलाई जगेडामा राख्ने परिपाटीको विकास गरिनुपर्छ। अब प्रत्येक मन्त्रालयमा बेरुजु निगरानी समिति गठन गरी त्यसलाई चलायमान बनाउनुपर्छ। जबसम्म राज्यको ढुकुटीको दुरुपयोग गर्नेहरू कारबाहीको दायरामा आउँदैनन्, तबसम्म सुशासनको प्रत्याभूति केवल भाषणमा सीमित रहन्छ। यसकारण बेरुजु नियन्त्रणका निम्ति अब केवल प्रतिवेदन होइन, नतिजा ल्याउने कठोर नीतिगत र प्रशासनिक हस्तक्षेप अनिवार्य भइसकेको छ। अब यस्ता प्रतिवेदन 'समाचार बनाउने कच्चा पदार्थ' मात्र भएर बस्न मिल्दैन। राजनीतिक नेतृत्वले प्रतिवेदनको मूल्य बुझ्नै पर्छ। यो दस्तावेज केवल कमजोरी औंल्याउने साधन होइन, सुधारको मार्गदर्शक हो। संसद्ले यसलाई गम्भीरताका साथ छलफलमा ल्याउनुपर्छ, सरकारलाई बाध्यकारी कार्यान्वयनको निर्देश गर्नुपर्छ। यस्तै दबाब नागरिक समाजले पनि निरन्तर दिनुपर्छ।

हिजोको गल्ती सुधार्ने आजको संकल्पविना अबको दिन सुरक्षित हुँदैन। महालेखाले हरेक वर्ष 'सुधारका ढोका खोलिदिएको' छ, तर राज्य संयन्त्र अझैं पनि ढोकाबाहिरै उभिएको छ। अब प्रश्न सीधा छ- के हामी फेरि पनि ढोका बन्द गरेर कुशासनको कालकोठरीमा बन्द हुने त ? यसर्थ, आगामी दिनमा सरकार, राष्ट्रपति, संसद् र सम्पूर्ण राज्य संयन्त्रले महालेखा परीक्षकको प्रतिवेदनलाई गम्भीरतापूर्वक ग्रहण गर्दै तत्काल कार्यान्वयनको पक्षमा निर्णायक कदम चाल्नै पर्छ।

अन्यथा हामीले सुशासनको सपना होइन, कुशासनको स्थायित्व रोजेको मानिनेछ। अब निष्क्रियताको विलास छैन, महालेखाको प्रतिवेदनको कार्यान्वयन नै आर्थिक अनुशासन र सुशासनको पूर्वसर्त हो। यसलाई बेवास्ता गर्नु भनेको भ्रष्टाचारको संरक्षण गर्नु हो, कुशासनलाई प्रश्रय दिनु हो। देशमा अब यस्तो आत्मघाती बाटो कसैलाई पनि सह्य हुनेछैन।

समाचारपत्रबाट

# नेप्से परिसूचकमा लगातार गिरावट



काठमाडौँ। नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा पछिल्लो चार कारोबार दिन लगातार गिरावट देखिएको छ। निरन्तर घटिरहेको नेप्से परिसूचक आज १३ दशमलव ९६ अङ्कले घटेर दुई हजार ६२० दशमलव २७ को विन्दुमा कायम भएको हो। बुधबार तीन सय १५ कम्पनीको एक करोड ८४ लाख ९६ हजार १३८ कित्ता शेयर एक लाख १२ हजार ५७७ पटक खरिदबिक्री हुँदा रु आठ अर्ब ७३ करोड ६५ लाख ७० हजार ५०५ बराबरको कारोबार भएको हो।

विकास बैंक समूह एक दशमलव १९ र अन्य समूह दुई दशमलव ४६ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ। कारोबारमा ओम मेगाश्री फर्मास्युटिकल्स लिमिटेडको शेयर मूल्य सबैभन्दा बढी नौ दशमलव ९८ प्रतिशतले बढेको छ। गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ।

कारोबार रकमका आधारमा सबैभन्दा बढी राधी विद्युत् कम्पनी लिमिटेडको रु ५९ करोड ३२ लाख ९५ हजार आठ सय १६ बराबरको शेयर किनबेच भएको छ। त्यस्तै, कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा बढी ङादी ग्रुप पावर लिमिटेडको १२ लाख ९४ हजार चार सय ७१ कित्ता खरिदबिक्री भएको छ।

# यस्ता छन् खरबुजा खानुका फाइदाहरू

गर्मी मौसम खरबुजाको मौसम हो। मौसमी फल खानुको अनेक फाइदा हुन्छ। खरबुजा खानुको पनि धेरै फाइदाहरू छन्। मिठो र रसिलो फल खरबुजामा भिटामिन सी, ए र पोटासियम प्रशस्त मात्रामा पाइन्छ। त्यस्तै भिटामिन बी १, बी ६, के, फो लेट र फाइवर पनि खरबुजामा प्रशस्त रहेको हुन्छ। खरबुजा खानुका अरू धेरै फाइदाहरूलाई यसरी व्याख्या गर्न सकिन्छ।

**शरीरमा पानीको मात्रा कमी हुन नदिने**

खरबुजामा पानीको मात्रा धेरै हुन्छ। त्यसैले खरबुजा खाएमा यसले शरीरमा पानीको कमी हुन दिँदैन। खरबुजाले शरीरलाई शीतल बनाइरहन्छ। यसमा हुने भिटामिन र मिनरल्सले शरीर लाही स्वस्थ बनाउँछ।

**रक्तचापलाई नियन्त्रण गर्ने**

खरबुजामा पोटासियमको मात्रा अत्यधिक हुन्छ। यसले रक्तचापलाई नियन्त्रण गर्ने काम गर्छ।

**स्वस्थ आँखाको लागि**

खरबुजामा पाइने भिटामिन ए र बिटा क्यारोटिनले आँखाको दृष्टि राम्रो बनाउन काम गर्छ। मोतीबिन्दु हुनबाट बच्न सकिन्छ।

**तौल घटाउन सहयोगी**

खरबुजामा फ्याटको मात्रा एकदम कम हुन्छ। खाएपछि पेट अघाउने र फ्याट पनि कम हुने भएकाले तौल घटाउने योजनामा रहेकालाई खरबुजा खानुले फाइदा पुर्‍याउँछ।

**इम्युनिटी क्षमता बढाउन**



भिटामिन सिले इम्युन प्रणालीलाई बलियो बनाउँछ र खरबुजामा भिटामिन सी प्रशस्त मात्रामा पाइन्छ। भिटामिनले शरीरमा सेतो रक्त कोषको उत्पादनलाई बढाउँछ। जसले गर्दा रोगसँग लड्ने क्षमता बढ्छ।

**कब्जियत समस्याको समाधान**

खरबुजामा प्रशस्त मात्रामा डायरी फाइबर हुन्छ जसले कब्जियतको समस्याको समाधान हुन्छ।

**महिनावारीको दुखाइलाई कम गर्न**

खरबुजा खानुले महिनावारीमा हुने दुखाई कम हुन्छ। यसमा हुने एन्टीकोगुलेन्ट गुणले गर्दा मांसपेशीमा हुने दुखाई कम गर्न मद्दत गर्छ।

**राम्रो निद्राको लागि**

खरबुजा खानाले नसा र मांसपेशीमा आराम प्राप्त हुन्छ। जसले गर्दा राम्रो निद्रा लाग्छ।

**तनाव कम गर्न**

खरबुजा खानाले मस्तिष्कमा अक्सिजनको फ्लो बढ्छ। यसो हुँदा ध्यान केन्द्रित गर्न सक्ने र तनाव कम हुन्छ।

**पत्थरी हुनबाट बच्न**

नियमित खरबुजा खानाले किड्नीमा पत्थरी हुने समस्याबाट छुटकारा मिल्छ। अक्सीकाइन नामको खरबुजा खादा पत्थरी भए पनि त्यसबाट निको हुन सहयोग गर्छ। खरबुजामा हुने पानीले किड्नी सफा गर्छ।

**खरबुजा खाने उपयुक्त समय कुन हो ?**

खरबुजा खानको लागि सबैभन्दा उपयुक्त दिउँसोको समय हो। बिहान र साँझको तुलनामा दिउँसो शरीर बढी सुक्खा हुन्छ। त्यसैले शरीर लाही हाइड्रेट राख्न दिउँसो खरबुजा खानु फाइदाजनक हुन्छ।



**बच्चा बोकेर काफल बिक्री गर्दै महिला:**
डोटीको जोरायल गाउँपालिका-१ स्थित सडक किनारामा दूधे बालक काखमा राखेर काफल बेच्दै स्थानीय महिला। तस्विर : अर्चना झा/रासस

# बीपी प्रतिष्ठानमा ३५ लाख अपचलन




काठमाडौं। धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट सफ्टवेयर र बैंकका कर्मचारीको मिलेमतोमा ३५ लाख ८७ हजार रुपैयाँ अपचलन भएको पाइएको छ।

महालेखा परीक्षकको ६२औं प्रतिवेदनमा मिडास सफ्टवेयर सञ्चालनमा संलग्न कर्मचारी र सनराइज बैंकका कर्मचारीको मिलेमतोमा रकम हिनामिना भएको उल्लेख छ।

प्रतिवेदनले रकम अपचलन भएको विषयमा प्रतिष्ठानले गठन गरेको छानबिन समितिले नै देखाउँदा पनि आवश्यक कारबाही नगरेको जनाएको छ।

प्रतिवेदनमा भनिएको छ-'प्रतिष्ठानले आय संकलनका लागि मिडास सफ्टवेयर प्रयोगमा ल्याएको र सफ्टवेयरअनुसार प्राप्त देखिएको रकम बैंक दाखिला नभएको सम्बन्धमा ३ सदस्यीय छानबिन समिति गठन गरेको पाइयो। उक्त समितिको प्रतिवेदनमा सफ्टवेयर सञ्चालनमा संलग्न कर्मचारी र सनराइज बैंकको कर्मचारीको मिलेमतोमा रकम हिनामिना भएको ठहरसहित सफ्टवेयर कम्पनीले ३५ लाख ८७ हजार अपचलन गरेको उल्लेख छ।'

लेखापरीक्षण प्रतिवेदनबाट उक्त विषय औंल्याइए पश्चात् उक्त रकम बैंकमा दाखिला गरेको प्रमाण पेस गरेता पनि थप छानबिन भने गरिएको छैन।

प्रचलित कानुन बमोजिम छानबिन गरी आवश्यक कारबाही गर्ने महालेखाले सुझाव दिएको छ।

प्रतिष्ठानबाट यस वर्षको अस्पताल सेवा सञ्चालनको आय १ अर्ब ३६ करोड २३ लाख ६१ हजार रहेको छ।

# 'तरकारीमा विषादीको प्रयोग घटाऔँ'



चितवन, ३१ वैशाख : जिल्लाबाट उत्पादन भएर बिक्रीका लागि गएका तरकारीमा रसायनिक विषादीको प्रयोग बढी देखिएसँगै विज्ञहरूले यसको प्रयोग घटाउन किसानलाई आग्रह गरेका छन्। केरूङ्गा ताजा तरकारी तथा फलफूल उत्पादक सहकारी संस्थाले आयोजना गरेको विषादी न्यूनीकरण जनचेतनामूलक प्रशिक्षण कार्यक्रममा कृषि विज्ञले रसायनिक विषादीको प्रयोग कम गरेर प्राङ्गारिकतर्फ केन्द्रत हुन किसानलाई सुझाव दिएका छन्।

नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) का वरिष्ठ वैज्ञानिक घनश्याम भण्डारीले रसायनिक विषादीको प्रयोगले किसानका सत्रु तथा मित्रजीव दुवैलाई असर गर्ने र प्रयोग गर्दासमेत मानव स्वास्थ्यमा समस्या हुने भएकाले यसको प्रयोग घटाउन आग्रह गर्नुभयो। उहाँले भन्नुभयो "विज्ञसँगको समन्वयमा रसायनिक विषादीको समूचित प्रयोग गर्नुपर्छ।" अहिले जथाभावी प्रयोग गर्दा यहाँको उत्पादनमा विषादीको मात्रा बढी देखिएको उहाँले बताउनुभयो।

कृषि तथा वन विज्ञान विश्वविद्यालय रामपुरका कीट विज्ञान विषयका प्रध्यापक डा सुन्दर तिवारी विषादीको प्रयोग गरिसकेपछि कति अवधि राख्नुपर्छ भन्ने कृषिमा ज्ञान नभएकाले तरकारीमा विषादीको मात्रा बढेको बताउनुहुन्छ। उहाँले भन्नुभयो "सामान्यतया तरकारीमा विषादी प्रयोग गरेको एक सातासम्म टिप्न मिल्दैन। यहाँ भोलि बिक्री गर्ने तरकारीमा आज विषादीको प्रयोग गर्ने गर्दा समस्या देखिएको छ।" उहाँले किसानको सत्रुजीव र मित्रजीव दुवैलाई एवं उत्पादक तथा उपभोक्ता सबैको स्वास्थ्यमा असर गर्ने भएकाले विषादीको प्रयोग कम गर्न किसानलाई आग्रह गर्नुभयो।

विषादीको प्रयोगले उत्पादन पनि घट्दै गएको भन्दै प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यान्वयन इकाई चितवनका प्रमुख महेश रेग्मीले तरकारीमा प्रयोग गरिने विषादी न्यूनीकरण गर्न सकेमा मात्र स्वस्थ जीवन बिताउन सकिने बताउनुभयो। यहाँ उत्पादित तरकारी देशका विभिन्न स्थानमा पुग्ने गरेको बताउँदै उहाँले विज्ञसँगको परामर्शमा मात्र विषादीको प्रयोग गर्न आग्रह गर्नुभयो। जथाभावी विषादीको प्रयोगले मानव स्वास्थ्यमा असर पर्ने भन्दै उहाँले कृषि क्षेत्रलाई रासायनिक विषादीरहित बनाउन लाग्न जरूरी रहेको बताउनुभयो।

जिल्ला कृषि विकास कार्यालय चितवनका प्रमुख झलकनाथ कँडेलले कालिमाटी फलफूल तथा तरकारी बजारमा चैत १९ गते पठाइएको बोडीमा ९२ दशमलव ४५३ प्रतिशत अर्गानोफस्फेट भेटिएको थियो। वैशाख १४ गते पठाइएको करेलामा ७५ दशमलव ००७ प्रतिशत भेटिएको थियो। यसले गर्दा चितवनको तरकारी उपभोग गर्न हुन्न भन्ने सन्देश गएकाले किसान सचेत हुन जरूरी रहेको उहाँले बताउनुभयो।

सो अवसरमा जिल्ला प्रशासन कार्यालय चितवनका सहायक प्रमुख जिल्ला अधिकारी चुडामणि शर्मा गौतमले तरकारीमा देखिएको विषादीले मानव स्वास्थ्यमा समस्या पर्ने भएकाले उपभोक्ता अधिकार संरक्षणसम्बन्धी कानुन आकर्षित हुने भन्दै उहाँले विषादीको प्रयोग कम गर्न किसानलाई आग्रह गर्नुभयो। उहाँले स्थानीय प्रशासन कानुनी प्रक्रियामा जानुभन्दा बेलैमा विषादीको प्रयोग घटाउन किसानलाई सुझाउनुभयो।

यस सहकारीबाट दैनिक उत्पादन भएर १० टन तरकारी बाहिर जाने गरेको छ। ती तरकारीमा विषादी देखिएपछि आफूहरू चिन्तित भएर सुधारको पक्षमा लागेको संस्थाका पूर्व अध्यक्ष कान्छा मल्लले जानकारी दिनुभयो। उहाँले भन्नुभयो "३५ वर्षदेखि गर्दै आएको व्यावसायिक खेतीमा सामान्य कुराले समेत ठूलो असर पार्दोरहेछ।"

संस्थाका अध्यक्ष एवं अगुवा किसान जनकराज पुरी तरकारीमा देखिएको विषादी व्यवसायकी किसानकोभन्दा पनि गुजारामुखी किसानको हुनसक्ने बताउनुभयो। तरकारीमा विषादीको प्रयोग बढेको सूचना पाएसँगै किसानमा विषादीको प्रयोगका बारेमा सचेतना जगाउने काम गरिएको उहाँको भनाइ छ।

उत्पादित तरकारीमा कार्बामेट र आर्गानोफस्फेट ३५ प्रतिशतभन्दा कम भएमा उपभोगयोग्य, ३५ देखि ४५ प्रतिशतसम्म भेटिएमा केही दिन क्वारेन्टाइनमा राख्नुपर्ने र ४५ प्रतिशतभन्दा बढी देखिएमा विसर्जन गर्नुपर्ने हुन्छ। पछिल्ला दिनमा उपभोग्य तरकारीमा विषादीको प्रयोग बढ्नु चिन्ताजनक रहेको जिल्ला कृषि विकास कार्यालय चितवनका प्रमुख कँडेलले बताउनुभयो।

# बालकमाथि हुने यौन हिंसा अन्त्य गर्न नीलो छाता अभियान




काठमाडौं। बालकमाथि हुने यौन हिंसा र शोषण ओझेलमा परेको पाइएको छ। बाल आवाज (भ्वाइस अफ चिल्डेन) ले 'बालकहरुमाथि हुने यौन हिंसाविरुद्ध नीलो छाता अभियान' विषयक कार्यक्रममा बालकहरुप्रति हुने यौन हिंसा, दुर्व्यवहार, शोषण पर्ने गरेको तर त्यसलाई गम्भीररुपमा नलिने गरेको पाइएको हो। बाल परिषद्का सदस्य सचिव इन्द्रादेवी ढकालले बालकहरुको पीडा बुझ्ने र सुन्ने थोरै भएको अवस्था भएको र यौन हिंसाको सिकार बालिका मात्र हुन्छन् भन्ने सोचका बीच सन् २०२१ देखि निलो छाता दिवस मनाएर बालकहरु हिंसा हुने गरेको तथ्य बाहिर आएको बताइन्।

"बालकहरुमाथि हुने यौन हिंसाको घटनालाई नीलो छाता अभियानले विश्वसामु फैलाएको छ, कानुनी मान्यताको लडाईमा पनि लागिरहेको छ", उनले भनिन्-"नेपाल पनि यो अभियानमा लागेको छ।"

बालकको संरक्षणका लागि सुरु भएको हस्ताक्षर अभियान थप महत्वपूर्ण भएको र कानुनी मान्यतासहित सामूहिक प्रयासले मात्र बालअधिकार सुरक्षित हुने र अभियानमा सबै क्षेत्रको सक्रियताको खाँचो रहेको उनको भनाइ थियो। "बालकको संरक्षणका लागि कानुन संशोधनमा गएको छ", सदस्य सचिव ढकालले भनिन्-"परिषद् कानुन संशोधन गर्न प्रतिबद्धता छ।"

सन् २०२५ मा सार्वजनिक भएको ल्यासेन्ट पब्लिकेसनमा प्रकाशित अध्ययनको रिपोर्टअनुसार विश्वमा १४.८ प्रतिशत पुरुषहरुले १८ वर्ष पुग्नुअगावै यौन हिंसा भोग्ने गरेको तथ्याङ्क सार्वजनिक भएको छ।

सूचना प्रविधिको प्रविधिको प्रयोगसँगै बालकहरु यौन हिंसाको जोखिममा रहेका छन्। नेपाल प्रहरी साइबर ब्युरोको तथ्याङ्कअनुसार आव २०७९/८० मा जम्मा १७६ जना बालबालिका (बालक ५१ र बालिका १२५) साइबर अपराध पीडित भएकोमा आव २०८०/२०८१ मा २५३ बालक र बाँकी ३८२ बालिका रहेको पाइएको छ।

बाल आवाजका निर्देशक राजु घिमिरेले महिला, किशोरी, बालिकालाई मात्रै यौन हिंसा हुन्छ भन्ने बुझाइ रहेकोमा बालकहरु वा छोरा पनि यौन हिंसामा पर्ने हुनाले छुट्टै कानुनको आवश्यकता रहेको बताए। उनले बालकहरु माथि हुने यौन हिंसाबिरुद्ध निलो छाता अभियान सञ्चालन गरेको भनाइ राखेका थिए।

नेपालले संयुक्त राष्ट्रसङ्घीय बालअधिकारसम्बन्धी महासन्धि १९८९ मा प्रतिबद्धता जनाई हस्ताक्षर गरेको ३६ वर्ष भएको छ। नेपालको संविधान २०७२ ले बालअधिकारलाई मौलिक हकका रुपमा राखेको छ। बालबालिकासम्बन्धी ऐन २०७५, बालबालिकासम्बन्धी नियमावली २०७८ लगायत विभिन्न बालसंरक्षणसम्बन्धी दर्जनौँ कानुनहरु, निर्देशिका, कार्यविधि बनेको भए पनि प्रभावकारी कार्यान्वयन हुन नसक्दा बालबालिकाहरु यौन दुर्व्यवहार, हिंसा र शोषण पर्नुपरेको छ।

सञ्चारकर्मी कीर्ति भट्टराईले 'बालकहरुमाथि हुने यौन हिंसाविरुद्ध नीलो छाता अभियान' विषयक कार्यत्रपत्र प्रस्तुत गर्दै हिंसा र दुर्व्यवहार सहन नसकेर कतिपय बालकहरुले आत्महत्यासम्मको अवस्थामा पुगेको बताइन्।

यो अभियानलाई सफल बनाउन नेपालबाट सन् २०२४ मा सुरु भएको हस्ताक्षर सङ्कलन अभियान २०२५ सेप्टेम्बरसम्ममा अनलाइन र अफलाइन माध्यमबाट ४० हजार पुऱ्याउने लक्ष्य राखेको छ।

उनले छोराहरु यौन हिंसामा पर्दैनन् भन्ने सोंच आम मानिसमा रहेको भए पनि पीडित बालकहरुलाई न्याय दिन सकिएको अवस्था रहेको र शिक्षा तथा कानुनमा पनि भर्खरै संशोधन भएको र बालिका भनिएको ठाउँमा संशोधित कानुनमा बालबालिका भन्ने शब्द राखिएको जानकारी दिइन्।

सन् २०२१ अप्रिल २६ तारिखलाई भ्वाइस अफ चिल्डेनले सचेतना दिवसका रुपमा मनाउँदै आएको छ। बालकहरुमाथि पनि यौन हिंसा हुन्छ भन्ने सन्देशसहितको चित्रकला प्रदर्शन र विभिन्न माध्यमबाट सचेतना जगाउने काम गरेको बताएको छ।

खोजतलास केन्द्रका प्रहरी नायब उपरीक्षक (डिएसपी) महेश थापाले प्रहरीमा दर्ता हुन आएका मुद्दालाई हामीले गम्भीर रुपमा अध्ययन गरी पीडकलाई कानुनी कारबाहीको दायरामा ल्याउने गरेका जानकारी दिए।

सहभागीहरुले नेपालका बाल बालिकाहरुको यौन दुर्व्यवहारका विषयमा थप अनुसन्धान गर्नुपर्ने र थप पीडित हुन नदिनेतर्फ सबैले ध्यान दिनुपर्नेमा जोड दिएका थिए।

## सरकारी...

मधेशमा रहेका १ सय ५९ सरकारी कार्यालयको ५६ अर्ब ६ करोड ३० लाख रुपैयाँको लेखापरीक्षण गर्दा १ अर्ब १६ करोड ३८ लाख कुल बेरुजु देखिएको हो।

यस्तै बागमतीमा रहेक २ सय १४ कार्यालयको ८२ अर्ब ८२ करोड ३५ लाख रुपैयाँ लेखा परीक्षण गर्दा ८५ करोड १७ लाख बेरुजु देखिएको हो।

कोशीमा २ सय १ कार्यालयको ५१ अर्ब ४१ करोड ६९ लाख रुपैयाँको लेखापरीक्षण गर्दा ८१ करोड ८१ लाख अर्थात् १.६९ प्रतिशत बेरुजु देखिएको छ।

सुदूरपश्चिममा १ सय ६२ कार्यालयको ३५ अर्ब ६२ करोड ५९ लाख रुपैयाँ लेखापरीक्षण गर्दा १.४१ प्रतिशत अर्थात् कुल बेरुजु ५० करोड ६ लाख देखिएको छ।

त्यस्तै लुम्बिनी र कर्णालीमा १.२२ प्रतिशतका दरले बेरुजु महालेखाले देखाएको छ। लुम्बिनीमा २ सय ११ कार्यालयको ५४ अर्ब १६ करोड ४ लाख रुपैयाँ लेखा परीक्षण गर्दा कुल बेरुजु ६० करोड ९४ लाख रुपैयाँ आएको हो। महालेखाका अनुसार कर्णालीमा १ सय ४० कार्यालयको ३७ अर्ब ५८ करोड ६६ लाखको लेखा परीक्षण गर्दा ४५ करोड ९४ लाख रुपैयाँ बेरुजु देखिएको हो।

यस्तै गण्डकीमा २ सय ३ कार्यालयको ४५ अर्ब २४ करोड २४ लाख रुपैयाँ लेखा परीक्षण गर्दा १.१५ प्रतिशत अर्थात् ४५ करोड बेरुजु देखिएको छ।

**धेरै बेरूजु अर्थ र भौतिक पूर्वाधार मन्त्रालयमा**

सबैभन्दा धेरै बेरुजु अर्थ र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा देखिएको छ।

महालेखा परीक्षकको ६२औं वार्षिक प्रतिवेदनअनुसार संघीय निकायको कुल ४७ अर्ब ७४ करोड रुपैयाँ बेरुजुमध्ये अर्थ मन्त्रालय एक्लैको ३३ अर्ब ७१ करोड १७ लाख बेरुजु देखिएको छ। यो कुल बेरुजुको ७०.६१ प्रतिशत हो।

त्यसो त लेखा परीक्षणको रकम समेत यसै मन्त्रालयमा धेरै थियो। अर्थको असुल गर्नुपर्ने १२ अर्ब ९१ करोड, नियमित गर्नुपर्ने २० अर्ब ७९ करोड र पेश्की बाँकी १० लाख रुपैयाँ बेरुजु देखिएको छ।

दोस्रो स्थानमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय छ। जसको ६ अर्ब ४३ करोड बेरुजु देखिन्छ। जुन संघीय निकायतर्फको कुल बेरुजुको १३.४८ प्रतिशत हिस्सा हो।

**निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना**

भिमसेन गिरीको नाति, विष्णु गिरीको छोरा लुम्बिनी प्रदेश, गुल्मी जिल्ला, इस्मा गाँउपालिका वडा नं. ०६ बस्ने चुरा गिरीले यस शाखामा बचत खाता नं. २०९१५२४०३०२९४८ संचालन गर्दै आउनु भएकोमा मिति २०८१/०९/२३ मा निज खातावाला चुरा गिरीको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको श्रीमती नाता पर्ने दुर्गा मया गिरीले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ। बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक चुरा गिरीको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला। अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ। पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ।

NEPAL SBI BANK LTD.
**गुल्मी शाखा, नेपाल एसबिआई बैंक लिमिटेड**
**फोन नम्बर** :- ०७९-५२१०२९
**फ्याक्स** :- ०७९-५२११९४

**ट्वाइलेट सफा गराउनुहोस्**

**के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।**

सम्पर्क:
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
**फोन: ९८५७०५८८१३, ९८०७१८०८१३**

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्क:
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५, ९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्र: लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755, 9804406297



**सेराफाँटमा आलुखेती**
म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ नारच्याङको लेकगाउँस्थित सेराफाँटमा गरिएको आलुखेती। नारच्याङको उर्वर भूमी सेराफाँटमा सिँचाइ सुविधा पुऱ्याउन गण्डकी प्रदेश सरकारमार्फत् यसवर्षदेखि सिँचाइ आयोजना निर्माण सुरु भएको छ। तस्विर : सन्तोष गौतम / रासस

# स्तम्भकार समाजमा पौडेल

बुटवल। स्तम्भकार समाज रुपन्देहीको सम्पन्न भेलाले माधवकुमार पौडेलको अध्यक्षतामा कार्यसमिति पुनर्गठन गरेको छ। समितिको सचिवमा हुमराज भुसाल, सदस्यहरुमा ऋषि आजाद, गणेश घिमिरे, इन्दिरा अर्याल, मिनांक्षी न्यौपाने, दुर्गाप्रसाद शर्मा, सीमा बन रहेका छन्।

समाजका संस्थापक अध्यक्ष अर्जुन ज्ञवालीको अध्यक्षता तथा मदनलाल पौडेलको आतिथ्यतामा भएको भेलामा झपेन्द्र जीसी, दलबहादुर गुरुङ, हरि ज्ञवाली, दुर्गा पौडेल, राजेन्द्रकुमार आचार्य, रामप्रसाद आचार्य, निरु गौतमलगायतले संस्थालाई दीर्घकालीन योजनाका साथ लैजान सुझाव दिएका छन्।

४ वर्षअघि गठन भएको यो संस्थालाई व्यवस्थित बनाउन विधान तयार तथा दर्ता गरी अगाडि बढाउने, विभिन्न पुरस्कार स्थापना गर्ने, संस्थामा रहने सबै सदस्यहरुलाई संस्थागतरुपमा विद्यागत लेखनीमा उत्प्रेरणा दिने, लेखन सामग्रीको नियमित पारिश्रमिक व्यवस्थापनका लागि पहल गर्ने र मिडिया हाउसहरुमा स्तम्भको विधा छुट्टाउन आग्रह गर्ने प्रस्तावहरु सर्वसम्मतिले पारित भएको छ।

# आँखा र दन्त शिविर सम्पन्न



मणिग्राम। रूपन्देहीको मणिग्राममा आँखा शिविर र दन्त शिविर संयुक्त रूपमा बुधबार सम्पन्न भयो। शिविरबाट दुई सय पचासभन्दा बढी मानिसले लाभ लिएको आयोजकले बताएका छन्।

राममणि बहुमुखी क्याम्पसको विस्तारित समिति एवम् स्वास्थ्य तथा सरसफाइ एकाईको आयोजना र शिवालय टोल विकास संस्था, लायन्स आँखा अस्पताल र आधुनिक डेण्टल समाजको संयुक्त सहयोगमा शिविर सञ्चालन भएको थियो।

मणिग्रामस्थित रामेश्वर मन्दिर प्राङ्गणमा क्याम्पस प्रमुख ताराप्रसाद पराजुलीको अध्यक्षतामा आयोजित शिविरमा लायन्स आँखा अस्पताल बुटवलका माला चौधरी नेतृत्वका प्राविधिकहरू र आधुनिक डेण्टल समाजका स्वास्थ्यकर्मी डा. रक्षा अर्याल नेतृत्वका प्राविधिकरूले परीक्षण तथा निदान गरेका थिए।

शिविरमा स्थानीयवासी, क्याम्पसका विद्यार्थी, कर्मचारी, प्राध्यापक तथा सञ्चालकहरू समेत गरी १३८ जनाको दन्त परीक्षण र ११४ जनाको आँखा परीक्षण गरिएको क्याम्पसको स्वास्थ्य तथा सरसफाई एकाई संयोजक विन्दु आचार्यले जानकारी दिइन्।

त्यसअघि, क्याम्पस सञ्चालक समितिका अध्यक्ष ध्रुवकुमार धितालले शिविरको उद्घाटन गर्दै समुदायमा विविध प्रकारले प्रत्यक्ष लाभ पुऱ्याउनका लागि क्याम्पस समुदायमा गएको बताए।

सोही अवसरमा क्याम्पस र आधुनिक डेण्टल समाजकाबिच सहकार्यको सम्झौता पत्रमा हस्ताक्षर गरिएको थियो।

कार्यक्रममा शिवालय टोल विकास संस्थाका अध्यक्ष भगवती बस्याल, आधुनिक डेण्टल समाजका रमा पौडेल, उपप्राध्यापक भिमलाल घिमिरे, नोवराज तिवारी, जीवनकुमार पौडेल, विष्णुप्रसाद भुसाललगायतले आ-आफ्ना भनाइ राखेका थिए।

# तामाखानी उत्खनन्का लागि खोजतालस सुरु



ढोरपाटन। बागलुङको तमानखोला गाउँपालिका-६ नर्जाखानीमा तामाखानी उत्खनन्का लागि खोजतलास सुरु भएको छ। खानी तथा भूगर्भ विभागले अनुमति दिएपछि खोजतलास सुरु भएको हो। तमानखोलाको दर्जनौँ स्थानमा तामाखानी छन्।

त्यहाँ रहेको तामाखानीहरु विसं १९८१ सम्म सञ्चालनमा थिए। सरकारले खानीलाई करको दायरामा ल्याएपछि बन्द भएका थिए। खानी तथा भूगर्भ विभागले अध्ययन तथा अनुसन्धानका लागि २०८४ असोज १४ गतेसम्मका लागि अनुमति दिएपछि खानीको खोजताल सुरु भएको हो।

हाल विकप्लस मिनिलर प्रालीले नर्जाखानीका विभिन्न ठाउँमा खानीको खोजतलास गरिरहेको छ। उक्त क्षेत्रमा सतहमा तामा सामान्य रुपमा देखिएको विकप्लस मिनिलर प्रालीका भूर्गवशास्त्री बलराम कार्कीले जानकारी दिए।

उनका अनुसार यस क्षेत्रमा तीन चरणका अनुसन्धान हुनेछ। त्यसबाट राम्रो नतिजा आयो भने उत्खनन् गर्न सकिनेछ। अबको एक वर्षभित्रमा तीनै चरणको अध्ययन सकिने गरी काम भइरहेको कार्कीले बताए। अहिले नर्जाखानी क्षेत्रमा प्राविधिक खटिएर धमाधम अध्ययन गरिरहेको छ।

"अनुसन्धानका धेरै चरणहरु हुन्छन्, हामीहरु अहिले पहिलो चरणको अनुसन्धानमा छौँ, जुसलाई 'जियोफिजिक सर्भे' भन्छौँ, यसबाट राम्रो नतिजा आयो भने दोस्रो चरणको टेस्ट ड्रिलिङ गर्छौं र त्यसपछि फाइनल ड्रिलिङ गरी राम्रो नजिता आए, उत्खनन् गर्छौं", भूर्गवशास्त्री कार्कीले भने-"यसको उत्खनन गर्न रु २० देखि २२ अर्ब लाग्छ, यति रुकम लगानी गरेर खानी सञ्चालन गर्न सक्छौँ कि सक्दैनौँ भनेर खोजतलास गरिरहेका हौँ।"

तमानखोलाको नर्जाखानी, भित्रीवन र पात्लेगाउँको धेरै स्थानमा तामाखानीका सुरुङ र अवशेष प्रशस्तै छन्। बन्द भएका खानी उत्खनन्का लागि अध्ययन हुँदा स्थानीय खुसी भएका छन्। तमानखोला गाउँपालिका-६ का अध्यक्ष चित्र छन्त्यालले बाउबाजेले खानेको खानी उत्खनन् गर्नसके गाउँलेको जीवनस्तर उकासिने बताउँछन्।

उनले भने-"यहाँका खानीहरुसँग हाम्रो पहिचान जोडिएको छ, हाम्रो समुदायका मानिसको इतिहास जोडिएको छ, अहिले पनि हाम्रो गाउँमा सयौँ ठाउँमा पहिले तामा निकालेको डोबहरु छन्, ती खानीहरुबाट तामा निकाल्न पाए, यस क्षेत्रका नागरिकको जीवनस्तर परिवर्तन हुने थियो, आर्थिक रुपमा मजबुत हुने थिए भने युवाले गाउँमै रोजगार पाउने थिए।"

तमानखोला गाउँपालिकाका अध्यक्ष जोकलाल बुढामगरले लामो समयको प्रयासपछि तामाखानीको अध्ययन गर्न थालिएको बताए। तामानखानीको अध्ययन अहिलेसम्म सकारात्मक देखिएको अध्यक्ष बुढामगरले जानकारी दिए।

# सत्यवतीमा कृषि एम्बुलेन्स सञ्चालन

गुल्मी। गुल्मीको सत्यवती गाउँपालिकाले कृषि एम्बुलेन्स सेवा सञ्चालनमा ल्याएको छ। कृषकहरूले उत्पादन गरेका कृषिउपजलाई सहज रूपमा आन्तरिक एवं बाह्य बजारसम्म निर्यात गर्न सहयोग पुऱ्याउने उद्देश्यले पालिकाले कृषि एम्बुलेन्स सञ्चालनमा ल्याएको हो।

गाउँपालिका अध्यक्ष टीकाराम पाण्डेले गाउँपालिका र सङ्घीय सरकारको लागत साझेदारीमा रु ३४ लाख ७० हजार मूल्यमा कृषि एम्बुलेन्स खरिद गरी सञ्चालनमा ल्याइएको जानकारी दिए। यहाँ उत्पादित कृषिउपज समयमा बजारसम्म पुऱ्याउन नसक्दा किसानहरूले ठूलो आर्थिक समस्या भोग्दै आएका छन्।

उक्त एम्बुलेन्स पालिकाले सहकारीलाई सञ्चालनका लागि जिम्मा दिएको जनाइएको छ। सहकारीले किसानद्वारा उत्पादित तरकारी खरिद गर्ने र बजारसम्म पुऱ्याउने जनाएको छ। यसरी खरिद गरी बिक्री गरेपछि किसानको खातामा रकम जम्मा गरिदिने व्यवस्था मिलाइएको अध्यक्ष पाण्डेले जानकारी दिए।

कृषि एम्बुलेन्स सञ्चालन भएसँगै किसानहरूले उत्पादित सामग्री सहज रूपमा बजारसम्म पुऱ्याउन सजिलो हुने भएको छ। यसले कृषकलाई प्रोत्साहन गर्नुका साथै उत्पादनमा समेत वृद्धि हुने अपेक्षा गरिएको गाउँपालिका उपाध्यक्ष निरमाया तरामुले बताइन्। उत्पादित कृषिउपज सोझै कृषकबाट उपभोक्तासम्म पुग्ने र कृषकले पनि उचित मूल्य पाउने भएपछि उत्साहित भएका उनले उल्लेख गरिन्।

कृषि एम्बुलेन्स सञ्चालन गर्नका लागि पालिकास्तरीय थाप्ले सत्यवती कृषि बजार समिति र प्रत्येक वडामा उपसमिति गठन गरिएको छ। साथै प्रत्येक वडाको टोलटोलमा सङ्कलन केन्द्र राखिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत कमलप्रसाद भुसालले बताए। यसरी सङ्कलन गरिएका तरकारी कृषिउपज बिक्री केन्द्र बुटवलमा लैजाने व्यवस्था मिलाइएको उनले जानकारी दिए।

गाउँपालिकाले कृषिउपज बिक्रीका लागि बुटवलमा २८ नम्बर सटर भाडामा लिएको छ। कृषिउपज बिक्री केन्द्र बुटवलले सहकारीलाई सहुलियत दरमा सटर उपलब्ध गराउँदै आएको छ। गत वर्ष उक्त सटरबाट एक सय टन तरकारी बिक्री भएको थियो। पालिकामा व्यावसायिक रूपमा सागसब्जीखेती गर्ने कृषकहरू बढेकाले यस पटक दुई सय टन तरकारी बिक्री गर्ने लक्ष्य राखिएको पालिकाका अध्यक्ष पाण्डेले बताए।

पालिकाले उत्पादनको आधारमा कृषकलाई अनुदान उपलब्ध गराउँदै आएको छ। दश १० क्विन्टलसम्म तरकारी उत्पादन गरेर सहकारीमार्फत् बिक्री गरेमा प्रतिकिलो रु दुई र दश क्विन्टलभन्दा माथि प्रतिकिलो रु तीन अनुदान उपलब्ध गराउँदै आइएको अध्यक्ष पाण्डेले जानकारी दिए। उनका अनुसार पालिकाले गत वर्ष रु एक लाख ५० हजार उत्पादनको आधारमा कृषकलाई अनुदानबापतको रकम उपलब्ध गराइसकेको छ।

# जिल्ला कारागारमा चाप बढेपछि कैदी स्थानान्तरण




चितवन। जिल्ला कारागारमा कैदीबन्दीको चाप बढेसँगै १४० जना कैदीलाई स्थानान्तरण गरिएको छ। चालु आर्थिक वर्षको साउनयता ती कैदीलाई देशका विभिन्न कारागारमा स्थानान्तरण गरिएको हो।

जिल्ला कारागारका सूचना अधिकारी चेतनाथ ढुङ्गानाका अनुसार पछिल्लो पटक बैशाख २५ गते पाँच जनालाई मोरङ कारागार स्थानान्तरण गरिएको छ। भीमफेदी कारागार मकवानपुरमा एकजना, काठमाडौँको जगन्नाथ देवलमा सात जना, हाल केन्द्रीय कारागार रहेको खम्बाक्याम्प नुवाकोटमा ८७ जना, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम) २९ जना, तनहुँ कारागारमा एकजना, रसुवा कारागारमा आठ जना र डिल्लीबजार कारागारमा दुई जनालाई स्थानान्तरण गरिएको हो।

हाल चितवन कारागारमा ७२० जना कैदीबन्दी छन्। ४७० पुरूष कैदीबन्दी क्षमता रहेको कारागारमा ६७५ जना र ३५ जना महिला कैदीबन्दी क्षमता रहेकामा ४२ जना छन्। उनीहरूसँग आश्रित तीन जना बालबालिका रहेको सूचना अधिकारी ढुङ्गानाले जानकारी दिए।

कारागारमा कैदीको चाप बढेसँगै २० जना कैदीबन्दीलाई भवनमा बनाएको पालिमुनि राख्नु परेको छ।

आइसिसी विश्वकप लिग-२:
# नेपाली टोलीको बिदाइ



काठमाडौँ। नेपाल क्रिकेट सङ्घ(क्यान)ले आइसिसी विश्वकप लिग-२ अन्तर्गत त्रिकोणात्मक एकदिवसीय शृंखला खेल्न स्कटल्याण्ड जाने नेपाली क्रिकेट टोलीलाई बिहीबार बिदाइ गरेको छ। नेपाली टोली साँझ ६ बजे त्यसतर्फ प्रस्थान गरेको छ।

क्यानका अध्यक्ष चतुरबहादुर चन्द, सचिव पारस खड्का, केन्द्रीय सदस्य छुम्बी लामालगायतले यहाँ आयोजित एक कार्यक्रममा खेलाडीलाई सफलताको शुभकामना दिँदै बिदाइ गरेका थिए। क्यानका अध्यक्ष चन्दले बेलायतमा हुने अभ्यास खेलले टोलिलाई हौसला प्रदान गर्ने भन्दै लिग-२ शृंखलाका लागि शुभकामना प्रदान गरेका थिए।

नेपालले लिग-२ अन्तर्गत स्कटल्याण्ड र नेदरल्याण्डसँग आगमी जुन २ देखि १० तारिख (आगामी जेठ १९-२७ गते) सम्म सिरिज खेल्नेछ। लिग-२ सिरिजपछि नेपालले ती देशसँग टी-२० आई सिरिजसमेत खेल्ने क्यानले जनाएको छ। उक्त सिरिज भने जुन १५ देखि २० तारिख (आगामी असार १-६ गते) सम्म सञ्चालन हुनेछ। लिग-२ खेल्नु अगाडि नेपालले बेलायतको स्थानीय टोली तथा स्टकल्याण्डको 'ए' टोलीसँग अभ्यास खेलसमेत खेल्नेछ।

लिग-२ को शृंखलाका लागि नेपाली टोलीको कप्तान रोहितकुमार पौडेलसँगै उपकप्तान दीपेन्द्रसिंह ऐरी, गुल्सनकुमार झा, आसिफ शेख, करण केसी, सोमपाल कामी, कुशल भुर्तेल, ललितनारायण राजवंशी, अनिलकुमार साह, सन्दीप लामिछाने, भीम सार्की, आरिफ शेख, बसिर अहमद, नन्दन यादव र रिजन ढकाल छन्।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्!
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com